**मिति २०७९/०४/१८ गते बुधबार, १२५ औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. विदेश भ्रमण अनुमोदन सम्बन्धमा ।
३. गत आ.व. २०७८/०७९को वार्षिक समिक्षा तथा नगरस्तरीय सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. वित्तीय साक्षरता तथा मनोसामाजिक कक्षा संचालन सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. २**

२.१ Migrant Forum in Asia(MFA) and Human Right Development Foundation(HRDF) को निमन्त्रणामा Capacity Building on Fair & Ethical Recruitment and Strategic Reporting on Human Interest Stories कार्यशाला गोष्ठीमा सहभागी हुन यस उपमहानगरपालिकाको तर्फबाट सहभागी हुनुहुने नगर प्रमुख श्री नरुलाल चौधरीज्युको मिति १७ अगष्ट २०२२ देखि १९ अगष्टसम्म हुने थाइल्याण्ड भ्रमण अनुमोदन गर्ने ।

२.२ The Tenure Facility को आर्थिक सहयोग र सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, ग्रीन फाउण्डेशन नेपाल र आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्रको साझेदारीमा नेपालका १०० वटा स्थानीय तहसँगको सहकार्यमा सन २०२०देखि कार्यान्वयनमा आइरहेको **"स्थानीय सरकार तथा स्थानीयस्तरका समन्वयात्मक कार्यहरुबाट नेपालमा सामुदायिक वन अधिकार सुनिश्चितता"** परियोजना अन्तर्गतको Cross Learning भ्रमण भारतको भुवनेश्वर, उडिसा र रामपुर क्षेत्रमा हुने भएकोले उक्त भ्रमण कार्यक्रममा यस उपमहानगरपालिकाको तर्फबाट सहभागी हुनुहुने नगर उपप्रमुख श्री हुमा कुमारी डि.सी.को मिति २०७९।०४।२८ गतेदेखि २०७९।०५।०१ (१३-१७ अगष्ट २०२२)सम्म हुने भारत भ्रमण अनुमोदन गर्ने ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधि शाखाबाट पेश भएको आ.व.२०७९/०८०को वार्षिक प्रगति प्रतिवेदन र वार्षिक नगर स्तरीय सार्वजनिक सुनुवाई प्रतिवेदन माथि छलफल गरी अनुमोदन गरियो ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकामा सञ्चालन भईरहेको सुरक्षित आप्रवासन परियोजना(सामी) अन्तर्गत वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारका सदस्यहरुलाई आ.व. २०७९/०८०मा वित्तीय साक्षरता तथा मनोसामाजिक कक्षा संचालनका लागि घोराही उपमहानगरपालिकाका वडा नं. १, ३, ४ र १० गरी ४ वडा छनौट गर्ने ।